# नमुना बाख्रापालन टोल निर्माण अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८१

(स्वीकृत मितिः २०८१/१०/३०)

## मंगला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बाबियाचौर, म्याग्दी

# "नमुना बाख्रापालन टोल निर्माण अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८१"

**प्रस्तावनाः**

पशुपालनको प्रचुर सम्भावना रहेको यस मंगला गाउँपालिकाका कृषकहरुलाई व्यावसायिक रुपमा बाख्रापालनमा अग्रसर गराई बढ्दो विदेश पलायनको प्रवृत्ति लाई निरउत्साहित गर्दै स्वरोजगार बनाउन साथै कृषक समूह मार्फत गाउँपालिकाको निश्चित क्षेत्रलाई बाख्रा स्रोत केन्द्रको रुपमा स्थापित गरि कृषि पर्यटनमा समेत टेवा दिनको लागि यस नमूना बाख्रापालन टोल निर्माण अनुदान कार्यक्रमलाई सरल, सहज, व्यवस्थित, प्रभावकारी तथा पारदर्शी रुपले कार्यन्वयन गर्न वान्छनीय भएकोले मंगला गाउँपालिका, गाउँ कार्यपालिकाबाट यो कार्यविधि जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "नमुना बाख्रापालन टोल निर्माण अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८१" रहेको छ ।

ख) यो कार्यविधि मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएपछी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "गाउँपालिका" भन्नाले मंगला गाउँपालिका, म्याग्दी सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले मंगला गाउँपालिका, गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मंगला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

घ) "शाखा" भन्नाले मंगला गाउँपालिका, पशु सेवा शाखा सम्झनु पर्दछ ।

ङ) "कृषक" भन्नाले मंगला गाउँपालिकाको क्षेत्रभित्र पशुपालन गरेका व्यक्तिलाई सम्झनु पर्दछ ।

च) "समूह" भन्नाले प्रचलित नियमानुसार गठित बाख्रापालक समूह सम्झनु पर्दछ ।

**३. उदेश्यहरुः**

क) कृषकहरुलाई व्यवसायिक रुपमा बाख्रापालनमा अग्रसर गराई उक्त क्षेत्रलाई गाउँपालिकाको बाख्रा स्रोत केन्द्रको रुपमा विकास गर्नको निम्ति ।

ख) गाउँपालिकामा कृषि पर्यटनको विकास गर्नको निम्ति ।

**४. कृषक/कृषक समूहको छनौट**

नमुना बाख्रापालन टोल निर्माणका लागि कृषक तथा कृषक समूहको छनौट कार्यपालिकाले गर्नेछ ।

**५. कार्यक्रम संचालन हुने स्थानः** मंगला गाउँपालिकाको क्षेत्रभरि

**६. कार्यक्रमको अवधिः** कार्यक्रम लागू हुने आर्थिक वर्षभरी यो कार्यक्रम लागू हुनेछ ।

**७. कृषक छनौट तथा कार्यक्रम संचालनका प्रक्रियाः**

क) मंगला गाउँपालिका, पशु सेवा शाखाले कृषक समूह मार्फत आवेदन माग गर्नको निम्ति अनुसूची १ बमोजिम कम्तिमा १५ दिनको म्याद राखी सार्वजनिक सूचना आव्हान गर्नेछ । तर यसरी सूचना आव्हान गर्दा आवश्यक कृषक समूह भन्दा थोरैले आवेदन दिएमा थप एकपटकको निम्ति ७ दिनको म्याद रहने गरि दोस्रो पटक सूचना प्रकाशन गर्न सक्नेछ ।

ख) कृषकहरुले सूचनाको म्याद भित्र अनुसूची २ बमोजिमको ढाँचामा पशु सेवा शाखा वा शाखा अन्तर्गत रहेका सेवा केन्द्रहरु मार्फत आवेदन दिन सक्नेछन् ।

ग) कृषकहरुले कम्तिमा १० सदस्यीय बाख्रापालक समूह मार्फत आवेदन दिनुपर्नेछ ।

घ) शाखाले सम्बन्धित वडा कार्यालयको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको संलग्नतामा प्राप्त आवेदकको अनुसूची ४ बमोजिम स्थलगत अनुगमन गरि कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नेछ ।

ङ) कार्यपालिकाले कुनै एक समूह वा आवश्यक ठानेमा सो भन्दा धेरै समुहलाई छनौट गर्न सक्ने छ तर यसरी छनौट गर्दा कुनै समूहका न्युनतम मापदण्ड पुरा नभएका सोहि समूह भित्रका कृषकहरुलाई छनौट गर्न कार्यपालिका बाध्य हुने छैन ।

च) समूह/कृषक छनौटका आधारहरुः

१. समुहमा कम्तिमा १० जना बाख्रापालक कृषक आवद्ध रहेको हुनुपर्नेछ ।

२. कृषक समूह कानून बमोजिम दर्ता भएको हुनुपर्नेछ ।

३. ईच्छुक कृषकले कम्तिमा ५ वर्ष बाख्रापालन कार्यक्रमलाई निरन्तरता दिने अनुसूची ३ बमोजिमको स्व-घोषणा पत्र पेश गर्नुपर्नेछ ।

४. पछिल्लो २ आर्थिक वर्षमा बाख्रापालन सम्बन्धी कुनैपनि किसिमको अनुदान प्राप्त नगरेको समूह लाई प्राथमिकता दिइनेछ, समूह भित्रका कृषकको छनौट गर्ने क्रममा समेत पछिल्लो २ आर्थिक वर्षमा कुनैपनि किसिमको अनुदान रकम प्राप्त नगरेको कृषकलाई प्राथमिकता दिइनेछ ।

५. छनौट हुनको लागि कृषक समुहका प्रत्यक कृषकले न्युनतम ३ वटा माउ बाख्रा पालन गरेको हुनुपर्नेछ ।

छ) छनौट भएका कृषकहरुले अनिवार्य रुपमा पशुको विमा गरेको हुनुपर्नेछ ।

ज) पूर्वाधारसँग सम्बन्धित कार्यको अनुगमन मंगला गाउँपालिकाको पूर्वाधार विकास शाखा तथा पशु सेवा शाखा मार्फत हुनेछ ।

झ) छनौट भएको समूह भित्रका सदस्यहरुले गाउँपालिका वा शाखाले तोकेको कार्यमा, तोकेको ढांचामा खर्च गर्नुपर्नेछ ।

ञ) अनुदान रकम बढीमा १ लाख वा यो कार्यक्रम संचालन गर्दा लाग्ने लागतको ५०% रकम मध्य जुन थोरै हुन आउँछ सोहि रकम गाउँपालिकाको लेखा शाखा मार्फत कृषकको खातामा कार्यसम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात एकमुष्ठ रुपमा उपलब्ध गराईने छ तर कार्यक्रम संचालनको निम्ति कुल छुटाईएको रकम भन्दा धेरै रकम खर्चभएमा बराबर रकम कृषकहरुलाई उपलब्ध गराईनेछ ।

**८. अनुदानको भुक्तानीः**

क) अनुदान प्राप्त गर्न छनौट भएका कृषक समूहलाई कार्यसम्पन्न प्रतिवेदन पेश गरे पश्चात समूहको सबै सदस्यलाई मंगला गाउँपालिकाको लेखा शाखाद्वारा बैंक चेक मार्फत वा सिधै आवेदकको खातामा भुक्तानी गर्नुपर्नेछ ।

ख) पूर्वाधार विकास वा निर्माण तथा अन्य कार्य गर्दा तोकिएको ढाँचा भन्दा फरक ढाँचामा पूर्व स्वीकृति नलिई कार्य गरेमा गाउँपालिका रकम भुक्तानी गर्नको निम्ति बाध्य हुने छैन ।

**९. थपघट तथा हेरफेर गर्न सक्नेः**

क) यस कार्यविधि कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन मंगला गाउँपालिकाको कार्यपालिकाले आवश्यकता अनुरुप कार्यविधिमा थपघट, हेरफेर तथा खारेजी गर्न सक्नेछ ।

ख) यस कार्यविधिको कार्यान्वयन कुनै अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनको लागि गाउँपालिकाले आवश्यकता अनुरुप व्याख्या गर्न सक्नेछ ।

# अनुसूची १

(दफा ७ (क) सँग सम्बन्धित)

## सार्वजनिक सूचनाको ढाँचा

यस मंगला गाउँपालिका पशु सेवा शाखाको आ. व. ................ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ............................................. कार्यक्रम संचालन गरि कृषकहरुलाई व्यवसायिक रुपमा बाख्रापालनमा अग्रसर गराई मंगला गाउँपालिकाको बाख्रा स्रोत केन्द्रको रुपमा विकास गरि गाउँपालिकामा कृषि पर्यटनको विकास गर्नको निम्ति तोकिए बमोजिमका मापदण्डहरु पुरा गरेका इच्छुक बाख्रापालक कृषक समूहले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आवेदन दिनुहुन यसै सूचना मार्फत जानकारी गराईन्छ साथै थप जानकारीका लागि पशु सेवा शाखा वा पशु सेवा केन्द्र, मंगला गाउँपालिकामा सिधा सम्पर्क वा **"नमुना बाख्रापालन टोल निर्माण अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८१"** मार्फत प्राप्त गर्न सकिनेछ ।

**आवश्यक कागजातहरुः**

१) समूह दर्ताको प्रमाणपत्रको प्रतिलिपि — १ प्रति
२) समूहबाट आवेदन दिनको लागि गरेको निर्णयको प्रतिलिपि — १ प्रति
३) समूह भित्र रहेका सदस्य संख्या साथै ईच्छुक कृषकको विवरण
४) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
५) अनुदान प्राप्त गरेको कम्तिमा ५ वर्ष बाख्रापालन पेशामा संलग्न रहिरहने स्व-घोषणा पत्र

.....................
**शाखा प्रमुख**

.................................
**प्रमुख प्रशासकीय अधिकृत**

**अनुसूची २**

(दफा ७ (ख) सँग सम्बन्धित)

## आवेदन फारमको ढाँचा

मितिः.........................

श्री ......................................................ज्यू,
मंगला गाउँपालिकाको कार्यालय,
बाबियाचौर, म्याग्दी ।

**विषयः नमुना बाख्रापालन टोल निर्माण अनुदान कार्यक्रममा सहभागी हुने सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा मंगला गाउँपालिका, पशु सेवा शाखाको आ. व. ................... को स्वीकृत वार्षिक कार्यक्रम ..................................................................... अन्तर्गत ..............................................................समूह मार्फत अनुदान प्राप्त गर्नको निम्ति तपसिलका कागजात संलग्न राखी यो निवेदन पेश गरेका छौं ।

**तपसिलः**

१) समूह दर्ताको प्रमणपत्रको प्रतिलिपि — १ प्रति
२) समूहबाट आवेदन दिनको लागि गरेको निर्णयको प्रतिलिपि — १ प्रति
३) समूह भित्र रहेका सदस्य संख्या साथै ईच्छुक कृषकको विवरण (पालन गरेको पशु संख्या तथा नागरिकताको प्रतिलिपि)
४) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
५) अनुदान प्राप्त गरेको कम्तिमा ५ वर्ष बाख्रापालन पेशामा संलग्न रहिरहने स्व-घोषणा पत्र

निवेदकको समूहको
नामः.........................................
ठेगानाः.....................................
सम्पर्क नं.:................................
छापः

## अनुसूची ३

(दफा ७ च ३ सँग सम्बन्धित)

# स्व-घोषणा पत्रको नमुना

प्रस्तुत विषयमा म ........................................................................ समूहको सदस्य श्री ................................................ ले यस गाउँपालिकाले आ. व. ................. को स्वीकृत वार्षिक कार्यक्रम ...................................................................... मार्फत अनुदान प्राप्त गरि अनुदान रकम प्राप्त गरेको मितिले कम्तिमा ५ वर्ष सम्म सो अनुदान बापत प्राप्त गरेको स्रोत/साधन बाख्रापालन व्यवसायमा नै आवद्ध रही उपयोग गर्नेछु भनि स्व-घोषणा गर्दछु ।

**बाख्रापालन संग सम्बन्धी अनुदान प्राप्त गरेको विवरणः**

हाल सम्म प्राप्त गरेको वा नगरेकोः.............

यदि प्राप्त गरेको भए, अनुदान रकम/सामाग्रीको विवरण र प्रयोगः ..........................................

...............................................................................................................

यदि माथि उल्लेखित शर्त पुरा नगरेमा प्रचलित कानून बमोजिम कारवाही सहौन्ला/बुझाउला भनि यस पत्रमा सहिछाप गरिदिए ।

निवेदकको
नामः.............................................
ठेगानाः.........................................
सम्पर्क नं.:..................................
हस्ताक्षरः

**अनुसूची ४**

दफा ७ (घ) सँग सम्बन्धित

# स्थलगत अनुगमनको ढाँचा

समूहको नामः ठेगानाः

सम्पर्क व्यक्तिको नाम : सम्पर्क नं.ः

आवद्ध कृषक संख्याः अनुदानको लागि ईच्छुक कृषकको संख्याः

समूह दर्ता भए/नभएकोः

समूहले हाल सम्म कुनैपनि किसिमको अनुदान प्राप्त गरे/नगरेकोः

यदि प्राप्त गरेको भए, अनुदान रकम/सामाग्रीको विवरण र प्रयोगः ........................................

## कृषकको विवरण

कृषकको नामः ठेगानाः

सम्पर्क नं.ः

हाल पालन गरेको बाख्राको विवरणः

| विवरण | पशु संख्या |
|---|---|
| माउ बाख्रा | |
| १ वर्ष भन्दा बढी उमेरको बोका/खसी | |
| १ वर्ष भन्दा बढी उमेरको पाठी | |
| १ वर्ष भन्दा कम उमेरको पाठापाठी | |

पशुपालन गर्नको निम्ति उपलब्ध रहेको जग्गाको क्षेत्रफल :................................

बाख्रा संख्या थप गर्न ईच्छुक रहे/नरहेकोः .....................................................

हाल सम्म कुनैपनि किसिमको अनुदान प्राप्त गरे/नगरेकोः ..................................

यदि प्राप्त गरेको भए, अनुदान प्राप्त गरेको आर्थिक वर्षः .....................................

उपलब्ध गराउने कार्यालयको विवरणः .................................................

अनुदान रकम/सामाग्रीको विवरण र प्रयोगः .........................................

अनुगमनकर्ताले पाएका राम्रा वा सबल पक्षहरुः

अनुगमनकर्ताले पाएका सुधार गर्नुपर्ने पक्षहरुः

अनुगमनकर्ताको नामः.............................. अनुगमनकर्ताको नामः.......................

पदः ................................ पदः ..............................

हस्ताक्षरः हस्ताक्षरः

अनुगमनकर्ताको रायः